# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यकम्र

# कार्यबिधि २०७६

ओमसतिया गाउँपालिका

## गाउँपालिकाको कार्यलय हाटिफर्साटिक

पारीत मिति :२०७७/१०/२९

प्रस्तावना : जनस्वास्थ्य नीति २०७६ ले नेपालीको स्वास्थ्य स्तर उकास्ने मुल उद्देश्य हासिल गर्न समूदाय स्तरदेखि केन्द्रीय स्तर सम्म स्वास्थ्य संरचनाको विकास गरको छ। अधिकांश नेपालीहरु ग्रामीण क्षेत्रमा बसोवास गर्ने भएकाले बहूसंख्यक जनताको पहुचं स्वास्थ्य सेवामा पूर्याउन स्वास्थ्य संरचना पनि ग्रामिणमूखि बनाइएको छ।

स्वास्थ्य क्षेत्रको हालका समग्र प्रयास सहश्राब्दी विकास लक्ष्य हासिल गर्न तर्फ उन्मुख छन्। स्थानिय स्वास्थ्य क्षेत्र सुधार कार्यान्वयन योजनाले संगठित र सुव्यवस्थित स्वास्थ्य क्षेत्रबाट उपलब्ध गराइने अत्यावश्यक स्वास्थ्य सेवामा उपयोगिता बृद्धि गरी गाउँपालिकाको जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने प्रतिवद्धता पुरा गर्नको निम्ती यो कार्यबिधि ल्याएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

### १· संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यकम

कार्यबिधि २०७६ रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२· **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " कार्यक्रम" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यकम सम्झनु पर्छ ।

(ख) " आमा समुह " भन्नाले स्वास्थ्य आमा समुहलाई सम्झनु पर्छ।

(ग) " गाउँ पालिका" भन्नाले ओमासतियाँ गाउँ पालिकालाई सम्झनु पर्छ ।

(घ) " स्थानीय स्वास्थ्य संस्था" भन्नाले ओमसतिंया गाउँपालिकामा रहेका सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल सम्झनु पर्छ।

(ङ) "महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका '' भन्नाले : स्थानियस्तरमा स्वास्थ्य आमा समुहद्वारा छनौट

गरिएका, निश्चित अवधि सम्म स्वयंसवे गर्न तत्पर भएका तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम अनूसार आधारभुत तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ ।

## परिच्छेद –२

३. कार्यक्रमको उदेश्य

१.स्वास्थ्य सम्वन्धि अत्यावश्यक ज्ञान र सीप प्रदान गररे स्थानिय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरुलाई सक्रिय बनाउने ।

२.स्वास्थ्य कार्यक्रमहरुलाई समूदायसम्म पुऱ्याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरु तयार गर्ने।

३ .समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाहरु प्रदान गर्न स्वयंसेवीहरु तयार गर्ने ।

४.सामूदायिक स्वास्थ्यको विकासमा समूदायको सहभागिता अभिवृद्धि गर्ने।

५.स्थानिय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा बिकास गर्ने।

६.उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

## **परिच्छेद– ३**

**४. महिला समिदायिक स्वास्थ्य स्वमसेबिकाको छनौटर सञ्चालन सम्बन्धी व्यवस्था**

स्वास्थ्य आमा समुह

१.समूदायको सहभागितामा स्थानीय स्वास्थ्य संस्था र स्थानीय निकायले हरेक वार्डमा सम्वन्धित वडामा बसोवास गर्ने प्रजनन् उमेरका इच्छुक सबै महिलाहरु समावेश गरी स्वास्थ्य आमा समुहको गठन गर्ने छन् ।

२.स्वास्थ्य आमा समुहमा कम्तीमा २१ जना सदस्य हूने छन् । दलित, उत्पीडित र पिछडिएको समुदायका इच्छुक महिलाहरुलाई स्वास्थ्य आमा समुहमा सहभागी हुन उत्प्रेरित गरिने छ ।

३.एउटा स्वयंसेविकाको एउटा स्वास्थ्य आमा समुह हुने ।

महिला स्वास्थ्य स्वयंसेविकाको छनौट ।

स्वास्थ्य आमा समुहको बैठकले आपसी सहमतिको आधारमा निम्न आधार भित्र रही आफु मध्येबाट महिला स्वास्थ्य स्वयंसेविका छनौट गरी सोको जानकारी स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय निकायमा दिने छन् ।

स्वयं सेविका छनौटका आधारहरुः

१. स्थानीय वडामा स्थायी बसोवास भएको ।

२. कम्तिमा ५ वर्षसम्म स्वयंसेविका भई काम गर्न इच्छुक ।

३. बिस (२०) वर्ष पुरा भई - ४५ वर्ष नकाटेको ।

४.विवाहित/एकल महिला (विवाहिताको हकमा बच्चा भएकी आमालाई प्राथमिकता दिने) ।

५) सामाजिक सवोको भावना भएको ।

६) कम्तिमा एस.ई.ई.÷एस.एल.सि.उर्तिण (बाह्र पासलाई ग्राहयता) ।

७) दलित, जनजाती, पिछडिएको वर्गका महिलालाई प्राथमिकता दिने ।

८) महिला समुदाय स्वास्थ्य स्वयंसेविका हुन ईच्छुक योग्यता पूगेका महिलाले लिखित निवेदन अनुसची २ अनूसार सम्बन्धित स्वास्थ्य आमा समुहमा पेश गनूपर्ने छ ।

तर, कनૂ पनि संस्थामा कार्यरत तलवी कर्मचारीले महिला स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्य गर्न पाईने छैन ।

## ५.महिला स्वास्थ्य स्वयंसेविकाको संख्याः

१. सामान्यतया ४०० (चार सय) जनसंख्या बराबर कम्तीमा एक जना स्वयंसेविका रहने छिन् । तर हाल निर्धारित ओम सतिया गाउँपालिकामा रहेका कुल महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ७५ यथावत रहने छ ।

## ६. महिला स्वास्थ्य स्वयंसेविकाको तालिम तथा क्षमता अभिवृद्धि

१) महिला स्वास्थ्य स्वयं सेविकाको स्थान कूनै कारणले रिक्त भएमा नयाँ छनौट भएका स्वयं सेविकालाइ निर्धारित पाठ्यक्रम अनुसार आधारभुत तालिमको व्यवस्था गरिनेछ ।

२) नयां कार्यक्रमहरुमा आवश्यकता अनूसार सम्वन्धित कार्यक्रमको तालिम, पूनर्ताजगी तालिम वा अनूशिक्षण गोष्ठीहरु संचालन गरी स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरिने छ ।

## ७. स्वास्थ्य आमा समुहको भुमिका

१. आपसी सहमतिमा महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्ने।

२.स्वयं सेविकाको भुमिका निर्वाह गर्न अनिच्छूक भइ राजिनामा गरेमा, कनै पनि वैतनिक पदमा बहाली भएमा, शारीरिक असक्तताका कारण असमर्थ भएमा, अन्यत्र बसाई सरी गएमा वा उमेरको हद वा अन्य व्यक्तिगत कारणले निस्कृय भएको अवस्थामा निजको बिदाई गरि सोहि स्थानमा सम्वन्धित स्वास्थ्य आमा समुहले नयाँ महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्ने ।

३.स्वास्थ्य आमा समुहको बैठक सामान्यतया मासिक रुपमा नियमित बस्ने छ । यो बैठक बस्ने मिति स्वास्थ्य आमा समुहको छलफलबाट तय गनु पर्नेछ । साधारणतया गाउँघर क्लिनिक सचांलन भएको दिन अगावै गर्नुउपयुक्त हून्छ ।

४.स्वयं सेविकाहरुले आधारभुत तथा पुनर्ताजगी तालिमहरु तथा समीक्षा गोष्ठीहरुमा सिकेका स्वास्थ्य सम्वन्धी जानकारीहरु स्वास्थ्य आमा समुहको बैठकमा राखी छलफल गर्नुपदछ । स्वास्थ्य आमा समुहका सदस्यहरुले स्वास्थ्य सम्वन्धी तथा अन्य प्राप्त जानकारी समूदायका महिला तथा पूरुषहरु सम्म पुऱ्याउनु पर्दछ ।

५.स्वास्थ्य आमा समुहको मासिक बैठक बोलाउने तथा बैठकका छलफलका विषय बस्तु निर्धारण गर्ने काम महिला स्वास्थ्य स्वयं सेविकाको हुनेछ ।

६.स्वास्थ्य आमा समुहको बैठकमा आवश्यकता अनुसार स्थानिय निकायमा निर्वाचित महिला प्रतिनिधि, शिक्षिका तथा गैरसरकारी संस्थामा कार्यरत श्रोत व्यक्तिलाई आमन्त्रण गरी उनीहरुबाट प्राप्त ज्ञान र सिपबारे अन्य आमाहरुसम्म पऱ्याउने प्रयास गर्नुपर्दछ ।

७.स्वास्थ्य आमा समुहको बठकले वर्षमा एक पटक महिला स्वास्थ्य स्वयं सेविकाको कामको समीक्षा गरी स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्नेछ।

८.स्वास्थ्य आमा समुहका कयृाशिल महिलाहरुलाई महिला स्वास्थ्य स्वयं सेविका कोषबाट ऋण सापटी लिने सूविधा उपलब्ध गराइने छ । यसको शर्त तथा आधार राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले तोके बमोजिम हुनेछ।

## ८.महिला स्वास्थ्य स्वयं सेविकाको भुमिका

१. महिला स्वास्थ्य स्वयंसेविकाको भुमिका मुलतः आफ्नो वडामा बसोबास गर्ने आमा तथा बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने  कार्यहरुमा केन्द्रित रहने छ । स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समूदायमा स्वास्थ्य सम्वन्धी सचेतना अभिवृद्धी गर्ने तथा स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने सहयोगी कृयाकलाप गर्नेछन् ।

२. स्वयंसेविकाहरुले परिवार नियोजन, सूरक्षित मातृत्व, नवशिशू स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरु, श्वास प्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, वातावरणीय सरसफाई, स्वास्थ्य शिक्षा तथा अन्य राष्ट्रिय कार्यक्रमहरुमा सहयोगीको भुमिका निर्वाह गर्नेछन् ।

३. नेपाल सरकार ÷प्रदेश सरकार र स्थानिय सरकारले निर्देशित गरको समूदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वयं सेविकाहरुले निर्धारित औषधी वितरण तथा रोगको व्यवस्थापन पनि गर्न सक्ने छन् ।

४. अन्य क्षेत्रमा स्वयं सेविकाले निर्वाह गनूर्पर्ने भुमिकाको दायरा संवन्धित कार्यक्रम निर्देशिकाहरुद्वारा परिभाषित गरे अनुरुप हुनेछ । तर यसको लागि ओम सतियाँ गाउँ पालिकाको समन्वय र सहमती अनिवार्य रहने छ ।

५. स्वयं सेविकाहरुले आफुले वर्षभरि गरेको कार्यको विवरण आफ्नो स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्छ ।

६. स्वयं सेविकाहरुले आफुले गरेको कृयकलापहरुको प्रतिवेदन मासिक रूपमा तोकिएको दिनमा स्वास्थ्य संस्थामा स्वयम् उपस्थित भई बुझाउनु पर्छ ।

७. प्रत्येक पाँच वर्षमा स्वास्थ्य आमा समूहले स्वयंसेविकालाई अर्को समयावधिको लागि पूनः छान्न सक्नेछन ।

८. महिला स्वास्थ्य स्वयंसेविकाले पालन गर्नपूर्ने आचार संहिता अनूसची –१ अनुसारको हुनेछ ।

## ९. विदाइ

क) स्वास्थ्य आमा समूहको सिफारीसमा ६० वर्ष उमेर पुगेका स्वयं सेविकाहरुलाई ससम्मान विदाई गरिने छ ।

ख) स्वयं सेविका भई सन्तोषजनक ढंगबाट आफ्नो वडामा सेवा गरको महिला स्वास्थ्य स्वयं सेविकाहरु सेवाबाट अलग हुंदा कदरपत्र तथा तोकिए बमोजिमको एकमुष्ठ आर्थिक सहयोग प्रदान गर्न सकिनेछ ।

ग) स्वयं सेविकाको भुमिकाबाट अलग भएपछि पनि उनीहरुलाई स्वास्थ्य आमा समुहको सम्मानीत सदस्यको रुपमा कृयाशील रहन उत्प्रेरित गरिने छ ।

घ) सेवा अवधि पुरा गरी विदाइ भएका स्वयं सेविकाहरुलाई उनीहरुले कार्यरत रहदा पाएको निशुल्क स्वास्थ्य सेवाको सुविधालाई निरन्तरता दिने प्रयास गरिने छ ।

## १०. संरचन

क) ओमसतियाँ गाउँपाकिाको नसिङ अधिकृत छैठौ तह (प.हे.न..) वा सो नभएमा गाउँपालिकाको कार्यालयले तोकेको कर्मचारी महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको पालिका स्तरमा सम्पर्क व्यक्ति हुनेछ ।

ख) गाउँपालिका स्तरमा संचालित स्वास्थ्यका कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्ने तथा उनीहरुको कामको अनुगमन गर्ने जिम्मेवारी स्थानीय स्वास्थ्य संस्था प्रमुखको हुने छ । स्वास्थ्य संस्थाका फिल्डमा काम गर्ने स्वास्थ्य कार्यकर्ता ( अ.हे.व.÷अ.न.मी.) ले स्वयंसेविकाको सम्पर्क व्यक्तिको रुपमा काम गर्नेछन् ।

ग) फिल्डमा काम गर्ने स्वास्थ्य कार्यकर्ता  वा सम्पर्क व्यक्तिले स्वास्थ्य आमा समुहको गठन गर्न सहयोग गर्ने तथा स्वास्थ्य आमा समूहलाई क्रियाशिल तुल्याउनका साथै अभिमुखीकरण र अन्य आवश्यक सहयोग गर्ने काम गर्नेछन् ।

घ) स्वयं सेविका कार्यकम कार्यबिधि २०७६ कार्यान्वयनको क्रममा आवश्यक परेमा सामाजिक बिकाश मन्त्रालय, प्रदेश न. ५ र स्वास्थ्य कार्यलय रुपन्देहि देखी स्थानिय स्तरसम्म अन्य सम्वन्धीत निकायहरुसंग समन्वय गरिने छ ।

## ११. कार्यक्रमको योजना तथा अनूगमनः

क) महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्वन्धी कृयाकलापहरुको समीक्षा गर्न तथा भावी योजना तर्जूमा गर्न प्रत्येक स्वास्थ्य संस्थामा ६÷६ महिना (संभव भएसम्म कार्तिक र बैशाखमा) मा प्रत्येक चोटी २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा वैठक सञ्चालन गरिने छ ।

ख) समीक्षा वैठकमा ओमसतिया गाउापालिकाका सम्पुर्ण स्वयं सेविकाहरु र अ.न.मि. /अ.हे.व.(फिल्डका काम गर्ने) ले भाग लिनेछन । गाउँपालिकाको संम्पूर्ण स्वास्थ्य संस्था प्रमूखले समीक्षा वैठक सञ्चालन गनुर्पने छ ।

ग) समीक्षा वैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने, स्वयं सेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, रजिष्टरको पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धि तथ्यांक संकलन गरी (जस्तैः मातृमृत्यु , नवशिशु मृत्यु, परिवार नियोजन सेवा पाइरहको दम्पती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपुर्ति गरिने छ ।

घ) समिक्षा बैठकमा महिला स्वास्थ्य स्वयंसेविका कोषको अभिबृद्धि तथा परिचालन बारे पनि छलफल गर्नुपर्ने छ ।

ङ) समिक्षा बैठकमा स्वास्थ्य संस्था प्रमूखले सम्वन्धित वडाका प्रमुख वा निजका प्रतिनिधि सदस्य तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन् ।

## १२. उत्प्रेरणा

समूदायमा आधारित स्वास्थ्य कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उत्प्रेरीत गरी सक्रीय राख्ने उद्धेश्यले निम्न कार्यहरु गरिने छन्ः

क) महिला स्वास्थ्य स्वयंसेविका कोषः  वडा स्तरमा स्थापित महिला स्वास्थ्य स्वयंसेविका कोषलाई कृयाशील बनाइने छ । महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन निर्देशिकाले व्यवस्था गरे अनुसार कोषको प्रभावकारी संचालनका लागि जिल्लास्तर तथा समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने तथा कोष परिचालनको अनुगमन कार्यलाई नियमित गरिने छ ।

ख) हरेक वर्ष मनाइदै आएको महिला स्वास्थ्य स्वयंसेविका दिवस लाई निरन्तरता दिइने छ ।

ग) प्रशंसनीय रुपमा कार्य गर्ने स्वयंसेविकालाई स्थानिय निकायसंग समन्वय गरि प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिने छ ।

घ) स्वयंसेविकाको परिचयको लागि बनाइएको चिन्ह, बोर्ड, परिचयपत्र, क्रम संख्या , पोशाकको राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिईने छ ।

## १३.सूविधाहरु

स्वास्थ्य कार्यक्रमहरुमा स्वयंसेविकाहरुको सहभागिता वृद्धि गर्न निम्न सूविधाहरुको व्यवस्था गरिने छ ।

क) तालिम तथा समिक्षा बैठकहरुमा भाग लिदा समय(समयमा तोके बमोजिमको यातायात खर्च ।

ख) स्थानिय सरकारको तर्फबाट परिचय पत्र, स्वयंसेविका बोर्ड, झोला, तोकिए अनूसारको औषधि र सामग्री सहितको सानो बाकस तथा कार्यक्रम अनूसारको आवश्यक सहयोग ।

ग) निःशूल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत तोकिएका सेवाहरु ।

घ) स्थानिय सरकारले आवधिक रुपमा पोशाकको व्यवस्था । (संघिय सरकारबाट प्राप्त भएको खण्डमा सोहि सुबिधालाई मानिने छ ।

ङ) स्थानीय स्तरमा स्वयंसेविकाहरुलाई उपलब्ध गराउन सकिने सहयोगको लागी स्वास्थ्य कार्यालयले तथा वडा स्तरमा स्वास्थ्य संस्था प्रमूख तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुले स्थानीय निकाय तथा सहयोगी संस्थाहरुसंग आवश्यक समन्वय गरी सहयोग पुऱ्याउने छन् ।

च) यसरी स्थानीय पहलमा उपलब्ध गराइएको सहयोग तथा श्रोतको जानकारी गाउँ पालीकामा स्वास्थ्य शाखा मार्फत गाउँपालीकाको कार्यालयमा जानकारी गराउँनु पर्ने छ ।

## १४. विविध

क) यो कार्यविधि परिमार्जन गर्न या कुनै बुंदा स्पष्ट पार्ने कार्य गर्नु परेमा गाउँ पालीकाको जिम्मेवारि हुने छ ।

ख) महिला स्वास्थ्य स्वयंसेविकाले पाउने सूविधा सम्बन्धमा बार्षिक स्वीकतृ कार्यक्रममा उल्लेख भए अनुसार हुने छ ।

**अनूसुची – १ (महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नपूर्ने आचार संहिता)**

**क)** अन्तर्राष्ट्रिय स्वयंसेवकको भावना अनूरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहूँचलाई मुल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्ने छु ।

ख) आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समूदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने छु ।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समुह प्रति इमान्दारी तथा जवाफदेही तथा प्रतिबद्ध भई पुर्ण रुपमा कार्य गर्ने छु ।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्ने छु ।

ª) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरि जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाॅउघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रबर्द्धन गर्न लगाउने छु।
च) समुदायसंगको व्यवहारमा सधैं विनम्र रुपमा सहयोगी हुने छु ।

छ) सेवाग्राहीको गोपनियता कायम राख्ने छु ।

ज) आर्जित ज्ञान र सिपलाई ब्यक्तिगत फाइदाको लागि प्रयोग गर्ने छैन ।

झ) समूदाय, आमा र शिशूको उत्थानमा आफ्नो हृदय देखि नै लाग्ने छु ।

ञ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदढ गर्न यथासक्य कोशिस गर्ने छु ।

ट) महिला स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुने छु ।

ठ) समुदाय तथा ब्यक्तिको मान्यता र सस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिने छु ।
ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुने छु ।

ढ) महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्ने छु ।

ण) गाउँपालीका र अन्तर्गत संचालित कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने छु ।

त) कूनै पनि तलवी कार्यमा नियूक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वतः बहिरगमन हुने छु ।

थ) जात, लिङ्ग, धर्म, भाषा, र उमेर, शारिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउद छु ।

द) आधिकारीक कार्यक्रमहरु हुँदा आफ्नो राजनैतिक विश्वासवारे प्रचारप्रसार गर्ने छैन ।

## अनुसूची - २ महिला स्वयंसेविका हुनको लागि दिनुपर्ने निवेदन

मितिः

श्री स्वास्थ्य आमा समूह वार्ड नं.: …………… गाउँपालीका : ………………………… जिल्लाः ……………………………

विषयः महिला स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाउँ ।

महोदय, म महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्न ईच्छूक भएकोले यो निवेदन पेश गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम मान्न मन्जूर रहेको ब्यहोरा पनि अनुरोध

गर्दछु । साथै यसै निवेदन मार्फत महिला स्वास्थ्य स्वयंसेविकाको आचार संहितालाई पूर्णतः पालना गर्ने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।

निवेदिका : नाम थर :

ठेगानाः

दस्तखतः

नागरिकता प्रमाणपत्र नं.: जन्म मितिः

**स्वास्थ्य आमा समूहको निर्णय**

मिति............................ को दिन बसेको बैठकले .............................. जिल्ला ............................ गाउँपालिका ........... वडा नं. बस्ने श्री ............................... ( नागरिकता प्रमाणपत्र नं. ..............................) लाई महिला स्वास्थ्य स्वयंसेविका रणनीतिमा उल्लेख गरिए बमोजिम आचार संहिता पालना गर्ने शर्तमा मिति २०७...................... देखि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा राख्ने/अवधि थप गर्ने निर्णय गरियो ।

| क.सं. | नाम | गा.वि.स. | वार्ड नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |